# "दीर्घकालिन योजना बनाएर विकास"



**प्रेमराज जोशी**
कार्यकारी अधिकृत
भरतपुर महानगरपालिका

नेपालको केन्द्रभागमा रहेर शिक्षा, स्वास्थ्य, यातायात लगायतका सुविधाको सहज पहुँचका कारण भरतपुर पछिल्लो समय धेरैको रोजाईको शहर बन्दै गएको छ । विगतमा भरतपुर गाउँ पञ्चायत, नगरपालिका, उपमहानगरपालिका हुँदै हाल यो महानगरपालिका बनेको छ । महानगरपालिका बनेसँग यहाँका बासिन्दाको विकासमा ठूला-ठूला अपेक्षाहरु हुन् स्वाभाविकै हो । भरतपुर महानगरपालिकाका भावी योजना, यसका सेवा, सुविधा र जनताको अपेक्षाको सम्बोधन कसरी हुन्छ ? भन्ने विषयमा भरतपुर महानगरपालिकाका कार्यकारी अधिकृत प्रेमराजव जोशीसँग गरिएको कुराकानीको सारसंक्षेप :

**❖ भरतपुर महानगरपालिकामा दाश्रो पटक आउनुभएको छ । के कस्ता योजना लिएर आउनुभएको छ ?**

हजुर, म बि.स. २०६४ सालमा भरतपुर नगरपालिका हुँदा पहिलो पटक आएको थिएँ । अहिले भरतपुर महानगरपालिका भएपछि पहिलो कार्यकारी अधिकृतको रुपमा आएको छु । म पहिले पनि यहाँ आएर काम गरेको हुनाले यहाँको राजनीतिक वातावरण, नागरिक समाज, यहाँका उद्योगी ब्यवसायीको अवस्था, भौगोलिक अवस्था यहाँको कर्मचारीहरुको क्षमताको जानकारी छ । परिर्वतीत परिवेषमा केहि फरक योजनाका साथ म चितवन आएको छु । पहिलो संघीयता कार्यान्वयनको सन्र्दभमा स्थानीय तहको निर्वाचन बैशाख ३१ गते हुँदैछ । निर्वाचित जनप्रतिनिधिलाई काम गर्ने वातावरण बनाउन सहजीकरण गर्ने काम मेरो हुनेछ । जनप्रतिनिधि बिहिन सङ्क्रमणकालिन यो अवस्थामा वडा तहबाट कसरी सेवाग्राहीलाई निर्माण गर्ने । दीर्घकालिन गुरुयोजना तयार गर्ने । त्यसै अनुसार योजनाबद्ध विकास निर्माणलाई अगाडी बढाउने । नगर यातायात गुरु योजना तयार भईसकेको छ । नगरको परिर्वतीत परिप्रेक्ष्यमा केहि परिर्वतन गरि लागू गर्ने प्रयास गर्छौं । अगाडीदेखि नै ६ मिटरको सडकको मापदण्ड लागूभई सकेको छ । यसलाई कडाईका रुपमा लागूगर्छौं । मापदण्ड नपुगेका सडकमा हामी लगानी गर्दैनौं । तत्कालिन चित्रवन र नारायणी नगरपालिका र कविलास गाविस भरतपुरमा गाभिएपछि महानगरको क्षेत्रफल पनि बढेको छ । यी बढेका क्षेत्रमा समेत सडक, ढल, खानेपानी लगायत अन्य शहरी सुविधा बिस्तार गर्ने योजनाको तयारी भईरहेको छ । भवन मापदण्डलाई कडाईका साथ कार्यान्वयन गर्ने छौं । नक्सा पास नगरी भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिने छ । त्यसमा कविलासको मापदण्ड केहि खुकुलो फरक पनि हुन सक्छ । सिटी हल, मनोरञ्जन पार्क, बाल उद्यान, बस पार्कको निर्माण, पार्किङ्ग ब्यवस्थापन गर्ने, अब निर्माण गर्ने घरहरुको अण्डरग्राउण्ड पार्किङ्ग वा पार्किङ्गको ब्यवस्था सहितको मापदण्डको विकास, सडक, सडक बत्ती, फोहोर ब्यवस्थापन, बालमैत्री र वातावरणमैत्री वडाहरुको निर्माण गर्ने, सभाहलको निर्माण, हरियाली प्रर्वद्धन गर्ने, प्लाष्टिकको प्रयोगमा कमी ल्याउने जस्ता योजना कार्यान्वयन गर्न प्रतिबद्धताका साथ आएको छु ।

**❖ महानगर बनाउँदा २/३ वटा सम्म वडा गाभिएका छन्, कविलास सिङ्गो गाविसलाई एउटा वडा बनाईएको छ । उपमहानगर हुँदै सेवा प्रभावकारी भएको महशुस नगरेका भित्री गाउँका बासिन्दालाई महानगरबासी** गाभिएको पनि हो, कविलासलाई एउटा वडामा झारिएको पनि हो । भरखरै महानगर घोषणा पनि गरिएको र स्थानीय निकायको निर्वाचन पनि घोषणा गरिएको यो समयमा आवश्यक जनशक्ती थप गर्न सक्ने अवस्था पनि छैन । त्यसकारण हामीसँग जति जनशक्ती उपलब्ध हुन्छ त्यसको अधिकतम प्रयोग गर्दै १० नम्बर वडा कार्यालय, चित्रवन र नारायणीको कार्यालयलाई सेवा केन्द्रको रुपमा विकास गरी महानगरबाट प्रदान गरिंदै आएको सेवालाई ती केन्द्रहरुबाट प्रदान गरिने ब्यवस्था शुरु गरिसकेका छौं । यसको साथ साथै वडा नं १ बाट १, २, ३ वडाका सबै सेवा प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । त्यसैगरी १५ र १६ नम्बरका सेवाग्राहीलाई वडा नं. १६ को कार्यालयबाट र वडा नं ६, १३, १४ र २२ वडाका सेवा ग्राहीलाई ६ नं वडा कार्यालयबाट सेवा प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । यसबाट एकातिर कर्मचारी ब्यवस्थापन हुनेछ भने अर्कातिर नागरिकले सहज सेवा प्राप्त गर्न सक्नेछन् । पूर्वाधार पुगेका वडाहरुमा एकिकृत सम्पत्ति कर समेत संकलन गर्न सक्ने गरी काम अघि बढेको छ । ४ वटा वडामा अझै भवन पनि छैन । नयाँ १३ र २८ नम्बर वडामा स्थानीय नै वडा कार्यलय निर्माणका लागि लागिरहनुभएको छ । त्यसको अध्ययन भईरहेको छ । त्यस स्थानमा समेत कसरी सेवा प्रवाह गर्न सकिन्छ भनेर अध्ययन गरि राखेका छौं । खास गरि प्रशासनिक भन्दा पनि प्राबिधिक जनशक्तीको अभाव छ तर भएको जनशक्तीको अधिकतम उपयोग गरी काम गरिराखेका छौं । वडा वडामा प्राबिधिक जनशक्ती पुऱ्याई नक्सा पास लगायतका काम गर्न मोबाईल कर्मचारीको टीम समेत पठाएर सेवा प्रदान गर्दछौं । जसबाट नागरिकहरुले महानगरबासी भएको अनुभूत गर्न सक्नुहुन्छ ।

**❖ समस्याका चाङैचाङबीच भरतपुरलाई महानगर बनाईएको छ. प्रूर्वाधारका हिसाबले महानगरको लिष्टमा भरतपुर त पुछारमा पो पर्ने भो त, होईन त ?**

यो कुरामा म यहासँग सहमत छैन, भरतपुर पुछारमा पर्ने कुरो पनि छैन । यो अन्य महानगरपालिका भन्दा पछाडी छ भन्ने मलाई लाग्दैन । किन भने यहाँको पूर्वाधार जस्तो कि मेडिकल सिटीको रुपमा यो अगाडी बढिरहेको छ । शैक्षिक क्षेत्रमा पनि यो अगाडी नै छ । पर्यटकीय हिसाबले पनि अगाडी छ । यातायातको सुगमताले यो केन्द्रबिन्दुमा पनि छ । यी सबै कारणहरुले भरतपुर अन्य महानगर भन्दा कम छ भन्नै मलाई लाग्दैन । त्यसको साथसाथै यो अहिलेसम्म बिग्रीसकेको छैन । अन्य भन्दा यो

सम्भावनाहरु छन् । स्रो
हिसाबले पनि प्रसस्तै सम्भाव
जस्तो यहाँ ठूला-ठूला
स्थापना भईसकेका छन् . के
प्रक्रियामा छन्, ठूला
भवनहरु निर्माण हुँदैछन
स्थापना हुने क्रममा छन्
पर्यटनको रुपमा विकास
यसको भविष्य एकदम उ
यसको भौगोलिक अवस्था
छ । चितवनका सबै राज
ब्यवसायी, शिक्षासेवी, किसान
पत्रकार लगायतको साथ र
यसलाई नेपालको नमुना महा
बनाउन सकिन्छ ।

**❖ भरतपुरलाई महानगर बनाउन स भन्नु भयो तर समस्य त ठूलै छन् नि ?**

समस्या मात्र ह
सम्भावना पनि छन् । समस्य
भने त विकासको महत्वनै

यहाँका राजनैनिक दलहरु निक्कै परिपक्व छन् । विकासका एजेण्डामा राजनैतिक दलहरु एक छन् । महानगरले अगाडी सारेका विकासका कार्यक्रमहरुमा साथ र सहयोग छ । राजनैतिक दलहरुको तर्फबाट विकासमा कुनै अवरोध हुने अवस्था छैन । निकट भविष्यमै स्थानीय निर्वाचन हुने हुनाले हामीले जनप्रतिनिधिहरु नै पाउँछौं । त्यसैले महानगर गठन लगतै आफ्ना प्रतिनिधिहरु समेत तत्काले पाउने हुनाले भाबि योजनाहरुलाई कार्यान्वयन गर्न समेत सहज हुन्छ । अर्को कुरा यहि महानगरपलिकाबाट नै देशको प्रधानमन्त्री हुनुहुन्छ यसले गर्दा स्रोत साधन प्राप्तिमा पनि हामीलाई कमी नहोला । यी सबैको समन्वयमा भरतपुरले आफ्ना योजनाहरु कार्यान्वयन गर्दछ । आधारभूत कुराहरु र दीर्घकालिन योजना बनाउदा सबै दलहरुसँग बस्छौं, योजनाहरु उहाँहरुसँग लैजान्छौं । योजनाबद्ध रुपमा सानातिना भन्दा पनि ठूला योजनमा अगाडी बढ्ने गरेका छौं । आगामी दिनहरुमा पनि त्यसै अनुरुप अगाडी बढ्छौं । देखिने परिवर्तनमा हामी सबै लागेका छौं । त्यसै अनुरुप उहाँहरुको साथ सहयोग लिएर अगाडी बढ्छौं ।

**❖ भनेपछि तपाईहरुको सोच भन्दा पनि राजनीति दलले जे भन्छन् त्यही सोचमा अगाडी बढनुहुन्छ ?**

हामी सबै दुबिधाभा पर्न जरुरी छैन । कर्मचारीले मात्रै गर्ने होईन, उनीहरुले विधि विधान निर्माणमा सहयोग गर्ने हो । दृष्टिकोण भनेको राजनैतिक दलहरुको नै हो । हामीले त्यसलाई सहयोग र सहजीकरण मात्र गर्ने हो । नीतिगत प्राबिधिक कुरामा मात्र सहयोग गर्ने हो ।

**❖ भरतपुरको दिगो आर्थिक स्रोत के हो ? कि सरकारले दिन्छ भनेर मात्र बस्नुभएको छ ?**

स्रोत बिना त कसरी अगाडी बढ्न सीकन्छ र ? स्रोत त चाहियो नै। यहाँ प्रशस्त सम्भावनाहरु छन् । बिगतमा जे संरचना बने त्यसको उपयोगबाट अहिले आम्दानी गरिराखेका छौं । जस्तो केन्द्रीय बस टर्मिनल, खानेपानी बोर्ड मार्फत आम्दानी भएको छ । घर बहाल कर, ब्यवसाय कर, एकीकृत सम्पत्ति करलाई प्रभावकारी रुपबाट परिचालन गर्ने र यसको साथ साथै बक्यौता असुलउपर गर्ने, निजी क्षेत्रको परिचालन गरी आम्दानी गर्ने। पार्किङ शुल्क, विज्ञापन आम्दानी गर्ने। राजस्वका अन्य स्रोतहरुको प्रभावकारी परिचालन गरेर पनि आम्दनी बढाउन सकिन्छ । अन्तराष्ट्रिय निकायहरुबाट सहयोग लिन सकिन्छ । यसका अलावा नेपाल सरकारले पनि राम्रो बजेट विनियोजन गर्दछ भन्ने विश्वास हामीले लिएका छौं ।

**❖ जनप्रतिनिधि नभएको यस समयमा जस पाउन हान थाप गर्ने तर जाखिम मोल्न चाहि पछि हट्ने प्रवृत्ति कर्मचारीहरुमा देखिन्छ । कतीपय सन्दर्भमा यहि कुरालाई लिएर कर्मचारीहरु बीच विवाद पनि देखिन्छ नि ?**

कर्मचारीको स्वाभव हो । कर्मचारीले आफ्नो फाईदाको लागि चलखेल गर्न सक्छन् । राजनीतिक अस्थिरताको बेलामा हरेक वर्ग क्षेत्रका मानिसले यस्ता काम गर्ने गर्दछन्। यसलाई ब्यवस्थापन गर्नका लागि ऐन नियममा भएका ब्यवस्थाहरु पालना गर्दै प्रशासनिक नेतृत्वले पनि यस्ता कुरामा ध्यान दिनु पर्दछ । सबैलाई समान रुपमा ब्यवहार गर्दै काममा परिचालन गर्नु पर्यो । कर्मचारीले पाउने सेवा सुबिधामा कन्जुसाई पनि गर्नु भएन । जहाँसम्म यहाँको सन्दर्भ हो व्यक्तिगतरुपमा केहि त्यस्तो भए पनि समग्रमा महानगरपालिकाका काम कारबाहीमा असर गर्ने गरेर कुनै काम हुन्छ भन्नै मलाई विश्वास लाग्दैन । एक आपसमा समन्वय पनि छ । हामीले राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्ड सजाय गर्ने कुरामा सजक छौं । कर्मचारीको क्षमता अभिबृद्धि, सीप विकास गर्ने कुरामा पनि हामीले ध्यान दिएका छौं ।

**❖ भवन मापदण्ड लागू हुन सकेन भन्ने गुनासो छ नि ?**

अब त गाउँपालिकामा पनि भवन मापदण्ड लागू हुन्छ । अहिले थपिएका क्षेत्रहरुमा मात्र चुनौती भन्ने होईन यो भवन मापदण्ड सबैले पालना गर्नुपर्दछ । यो पालना गर्दा महानगरलाई होईनकी सम्बन्धित क्षेत्रका बासिन्दालाई फाईदा हुने हो । यसले संरचना बलियो कसरी बनाउने, खाली ठाउँ कति छोड्ने र घरलाई कसरी मजबुद बनाउने भन्ने कुरामा बिशेष जोड दिने हुनाले यो मापदण्ड कार्यान्वयन गर्दाखेरी एक न्यक्तिलाई आर्थिक रुपमा भार थपिए पनि यसले समाजलाई फाईदा पुग्ने बिषय हो । अन्यवस्थित घर जग्गा कारोबारको गर्ने कुरालाई हामी निरुत्साहित गर्दछौं। नगर विकास समितिबाट स्वीकृत नलिई गरिएका प्लटिङको नक्सा पास लगाएका कुनै पनि सेवा हामीले प्रदान गर्दैनौं ।


## हार्दिक बधाई तथा शुभकामना



राधेश्याम खतिवडा, अध्यक्ष; नारायण अधिकारी, उपाध्यक्ष; शान्ता अधिकारी, उपाध्यक्ष; तिर्थ नेपाल, सचिव; प्रकाश ज्ञवाली, कोषाध्यक्ष; पविन दत्त, सहसचिव; सन्तकुमार चौधरी, सहसचिव; उमेश काफ्ले, सदस्य; रुपा बस्नेत, सदस्य; आनन्द पोखरेल, सदस्य; उर्जेन ल्हो तामाङ, सदस्य; प्रकाश सिग्देल, सदस्य; राजु सापकोटा, सदस्य; राजु थापा, सदस्य; प्रस्ताव सुवेदी, सदस्य

## बाथ रोगको उपचार

नेपालकै पहिलो बाथरोग उपचार केन्द्र 'आरोग्य स्वास्थ्य सदन' जावलाखेल ललितपुरका बरिष्ठ बाथरोग विशेषज्ञ एवम फिजिसियन हरेक